निर्णयहरु :

१. मनसुनजन्य र आगलागीजन्य विपद् प्रभावित निजी आवास पूर्ननिर्माण तथा पुर्नस्थापना अनुदान वितरण कार्यविधी (संसोधन सहित) २०७८ का प्रावधान र सो को लागि स्थानीय तहले गर्नुपर्ने Online entry र आवश्यक प्रकृया तथा verification र सिफारिस प्रकृयाका बारेमा तत्सम्बन्धि जिल्लामा कियाशिल गैर सरकारी संस्था कारितास नेपालका विज्ञ कविराज भट्टद्वारा विस्तृतमा प्रस्तुतीकरण गरी सबै स्थानीय तहले सो बमोजिम विपद् प्रभावितहरुको विवरण नियमित रुपमा Online entry गरी verification र Approve गर्ने निर्णय गरियो ।

२. यस बर्षको मनसुन शुरु भईसकेको सन्दर्भमा मूख्य लोकमार्गहरुमा बाढी, पहिरोका कारण हुन सक्ने अवरोध हटाई २४ सै घण्टा लोकमार्गहरु सुचारु राख्न सडक डिभिजन कार्यालय पाल्पा, कालिगण्डकी कोरिडोर सडक योजना कार्यालय र सडक पूर्वाधार विकास कार्यालय पाल्पाले आ-आफ्नो कार्य क्षेत्र अर्न्तगत सम्भावित बढी जोखिमयुक्त स्थानमा डोजर/स्काभेटर Stand by राख्ने व्यवस्था मिलाउने । विशेष गरी बुटवल पाल्पा सडकको सिद्धबाबा खण्डमा बढी जोखिम हुने हुंदा सो क्षेत्रमा डिभिजन सडक कार्यालयले आवश्यक जनशक्ति सहित डोजर/स्काभेटर रहने व्यवस्था मिलाउने सो कार्यका लागि डिभिजन सडक कार्यालयले सिद्धबाबा सुरुङ्ग मार्ग आयोजनासंग समेत समन्वय गर्ने । थप मद्दत चाहिएमा सुरक्षा निकायले तुरुन्तै उपलब्ध उपकरण सहित जनशक्ति परिचालन गर्ने ।

३. सबै स्थानीय तहहरुले आ-आफ्नो कार्यक्षेत्रमा मूख्य तथा सहायक सडकहरु सुचारु बनाइ राख्न नियमित मर्मत संभार, बाढी, पहिरोवाट हुन सक्ने सडक अवरोध हटाउन डोजर/स्काभेटर र जनशक्ति परिचालनको व्यवस्था मिलाउने । थप जनशक्ति आवश्यक परेमा नजिकको सुरक्षा निकायले आवश्यक सहयोग पुऱ्याउने ।

४. बाढी, पहिरो, भारी बर्षा आदीका कारण विद्युत पोल ढल्ने वा अन्य कारण विद्युत सेवा अवरुद्ध हुनसक्ने हुंदा नेपाल विद्युत प्राधिकरण पाल्पा शाखाले सम्भावित जोखिमयुक्त स्थानहरुमा साधन स्रोत सहित जनशक्ति परिचालन गरी विद्युत अवरुद्ध हुन नदिने र अवरुद्ध भई हालेमा तत्काल मर्मत संभार गरी सुचारु हुने व्यवस्था मिलाउने । नेपाल टेलिकमले मोवाइल, Landline, internet सेवाहरु २४ सै घण्टा गुणस्तरीय रुपमा संचालनको व्यवस्थापन मिलाउने ।

५. बाढी, पहिरो, भारी बर्षाका कारण लामो समय सडक अवरुद्ध हुन गएमा जिल्ला भित्र दाल, चामल, तेल, चिनी, दुध, तरकारी, पेट्रोलियम इन्धन, औषधी लगायतका अत्यावश्यक सामाग्री र खाद्यान्न आपूर्तिमा कमी हुने नपाउने गरी कम्तीमा २ महिनाको लागि आवश्यक पर्ने खाद्य भण्डारण रहने व्यवस्थाका लागि पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघलाई अनुरोध गर्ने ।

६. मनसुनजन्य विपद्का कारण बस्ती, खेतियोग्य जमिन तथा सिंचाई गर्ने कुलोमा क्षति पुगेमा सो को पुर्ननिर्माण र मर्मतका लागि तारजालि आवश्यक पर्ने भएमा सिंचाई विकास डिभिजन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयले व्यवस्थापन गर्ने ।

७. जिल्ला प्रशासन कार्यालयले सबै स्थानीय तह र जिल्लास्थित कार्यालयहरुको सहयोगमा तयार गरेको मनसुनजन्य विपद् प्रतिकार्य योजना २०८० स्वीकृत गरियो । यस कार्ययोजनाको सरोकारवाला सबै निकायले प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

८. आषाढ, श्रावण र भाद्र महिना भरी नदि नालाहरुवाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न नपाउने (विपद् जन्य अवस्था बाहेक) प्रावधान अनुरुप सबै स्थानीय तहले सो को प्रभावकारी कार्यान्वयन गर्ने गराउने । नेपाल प्रहरी र सशस्त्र प्रहरीले अवैध उत्खनन र चोरी निकासी नियन्त्रण गर्न स्थानीय तहलाई सहयोग पुऱ्याउने ।

९. जिल्ला प्रशासन कार्यालयको DEOC मा लामो समय देखि रहेका त्रिपालहरु स्थानीय तहको माग र आवश्यकताको आधारमा स्थानीय तहहरुमा पठाउने ।

१०. जिल्ला स्थित ३ वटै सुरक्षा निकायहरुले विपद् उद्धार र राहतको लागि उपलब्ध उपकरणहरु सहित QRT तयारी अवस्थामा राख्ने, त्यसरी परिचालित हुन परेमा खाना/खाजा लगायतको अत्यावश्यक सहयोग सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने ।

११. स्थानीय तहहरुवाट मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधी, २०७८ बमोजिम स्थानीय तहहरुबाट Online entry भै verification र Approve भएका यसैसाथ संलग्न विवरणहरुलाई स्वीकृती र सिफारिस गर्ने निर्णय गरियो ।

११. जिल्ला प्रशासन कार्यालय, पाल्पावाट मिति २०७९।१२।१७ गते देखि मिति २०७९।१२।१७ गते देखि विपद् राहत वितरण भएको (खर्च) रु ३,१६,०००/- (तिन लाख सोह हजार मात्र) अनुमोदन गरियो ।